# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार ३ गते २०५९ साल (संख्या १०


## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना १

### अध्यागमन (दोस्रो संशोधन) नियमावली, २०५९

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "अध्यागमन (दोस्रो संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अध्यागमन नियमावली, २०५१ को नियम ८ मा संशोधन: अध्यागमन नियमावली, २०५१ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ८ को उपनियम (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएकोछ:-

"(छ) विदेशी सरकारी निकाय वा विदेशी मुलुकको उद्योग वाणिज्य संघ वा च्याम्वर अफ कमर्सको सिफारिशमा तेस्रो मुलुकबाट नेपाल आउने विदेशी आयातकर्ता,"

३. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएकोछ:-

"(ग) तेस्रो मुलुकबाट नेपालमा आई नेपालमा उत्पादित मालसामान खरिद गरी निकासी गर्ने वा निकासीको लागि खरिद आदेश दिने विदेशीहरु ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) को खण्ड (ग) बमोजिमको विदेशीलाई एक पटकमा नब्बे दिनसम्म नेपाल अधिराज्यमा बस्न पाउने गरी पाँच वर्षे बहु प्रवेशी व्यावसायिक भिसा दिईनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२ख) उपनियम (२क) बमोजिम नेपाल अधिराज्यमा बस्न पाउने गरी दिईएको म्यादभित्र भिसा वाहकले व्यावसायिक काम कारोवार सम्पन्न हुन नसकेको कारण र सम्बद्ध प्रमाण समेत राखी निवेदन दिएमा निजको कार्य दक्षताको आधारमा उपनियम (२क) मा उल्लेख भए बमोजिम नेपालमा बस्न पाउने अवधिसम्मको लागि भिसा नविकरण गर्न सकिनेछ ।"

४. मूल नियमावलीमा नियम १०क. थप : मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छ :-

"१०क. गैरआवासीयनेपाली भिसा (नन् रेजिडियन्सल नेपालीज भिसा): (१) विदेशमा बसोबास गर्ने नेपाली मूलका विदेशीले नेपालमा बसोबास गर्न वा व्यापार व्यावसाय वा कुनै विषयमा अध्ययन अध्यापन वा अनुसन्धान गर्न चाहेमा निज र निजको परिवारलाई गैरआवासीयनेपाली भिसा दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको भिसाको लागि अनुसूची-३क. बमोजिमको ढांचामा विदेशस्थित नेपाली नियोग मार्फत वा विभागमा सोझै निवेदन दिन सकिनेछ ।

(३) उपनियम (१) बमोजिमको भिसा एकपटकमा बढीमा दशवर्ष सम्मको लागि प्रदान गर्न सकिनेछ र आवश्यकतानुसार यसको म्याद थप गर्न सकिनेछ ।

(४) गैरआवासीयनेपाली भिसाको ढांचा अनुसूची-३ख. बमोजिमको हुनेछ ।"

५. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (ग) झिकिएको छ ।

६. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को उपनियम (१) को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) गैर पर्यटक भिसा
(१) नियम ८ को खण्ड (छ) बमोजिमको विदेशीको हकमा विदेश स्थित शाही नेपाली राजदूतावास वा स्थायी नेपाली कूटनैतिक नियोग वा महानिर्देशक,
(२) नियम ८ को खण्ड (ठ) बमोजिमको विदेशीको हकमा श्री ५ को सरकारको स्वीकृति लिई महानिर्देशक,
(३) नियम ८ को अन्य खण्ड बमोजिमको विदेशीको हकमा महानिर्देशक ।"

(२) उपनियम (१) को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) गैरआवासीयनेपाली भिसा — पहिलो पटकको लागि गृह मन्त्रालयको स्वीकृतिमा विभाग र नवीकरणको लागि विभाग ।"

(३) नियम ४ मा रहेको "विभागले" भन्ने शब्दको सट्टा "भिसा दिने अधिकारीले" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल नियमावलीको नियम ३० मा संशोधनः मूल नियमावलीको नियम ३० को शीर्षक र उपनियम (१) मा रहेको "दुई प्रवेशी" भन्ने शब्दहरू झिकिएका छन् ।

८. मूल नियमावलीको अनुसूची-९ मा संशोधन : मूल नियमावलीको अनुसूची-९ को क्रमसंख्या ७ पछि देहायको क्रमसंख्या ७क. थपिएकोछ :-

"७क. गैरआवासीयनेपाली भिसा जारी गर्दा लाग्ने दस्तुर : एक वर्षका लागि एकसय अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा ।

तर अध्ययन गर्न आउने विद्यार्थीको हकमा उल्लिखित दस्तुरको पचास प्रतिशत दस्तुर मात्र लिइनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३क

(नियम १०क. को उपनियम (२) संग सम्बन्धित)

गैरआवासीयनेपाली भिसाको लागि निवेदन फाराम

श्री महामहिम राजदूतज्यू । श्री महावाणिज्यदूतज्यू,
श्री वाणिज्यदूतज्यू । श्री महानिर्देकज्यू ।

फोटो

मलाई गैर आवासीय नेपाली भिसा आवश्यक परेकोले सो भिसा दिनु हुन अनुरोध गरेको छ । मेरो विवरण निम्न अनुसार छ ।

१. नाम, थर :
२. राष्ट्रियता :
३. जन्म स्थान :
४. स्थायी ठेगाना :
५. नेपालको ठेगाना :
६. व्यवसाय :
७. (क) राहदानी नम्बर ..........................(ख) जारी मिति ......................
८. अन्तिम भिसा बहाल रहने मिति ......................(नेपाल प्रवेश गरिसकेको भए)
९. (क) यस अघि नेपाल बसेको कूल अवधि :
   (ख) नेपाल बस्दा संलग्न रहेको क्षेत्र :
१०. गैर आवासीय नेपाली भिसा माग गर्नुको कारण र सो को आधार :
११. परिवार संख्या :
१२. अन्य खुलाउनु पर्ने केही भए :
१३. संलग्न कागजातहरु :
   (क) . . . . . . . .
   (ख) . . . . . . . .
   (ग) . . . . . . . .

मिति :

--------------------
निवेदकको हस्ताक्षर

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३ख.

(नियम १०क. को उपनियम (४) संग सम्बन्धित)

श्री ५ को सरकार

गृह मन्त्रालय

अध्यागमन विभाग

गैर आवासीय नेपाली भिसा

फोटो

१. नाम, थर:

२. राष्ट्रियता:

३. जन्म स्थान:

४. स्थायी ठेगाना:

५. नेपालको ठेगाना:

६. व्यवसाय:

७. राहदानी नम्बर:

८. गैर आवासीय नेपाली भिसा दिने निर्णय मिति:

९. आवासीय भिसा जारी मिति:

१०. आवासीय भिसा बहाल रहने मिति:

मिति:

-------------------------

अध्यागमन अधिकृत

कोड नम्बर:

भिसा नविकरण:

| सि.नं. | भिसा बहाल मिति | | नविकरण गरेको मिति | अध्यागमन अधिकृतको दस्तखत र कोड नम्बर |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

## सूचना २

श्री ५ को सरकारले अध्यागमन नियमावली, २०५१ को नियम ४६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची - ९ र अनुसूची - १२ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

(क) अनुसूची - ९ को क्रमसंख्या १ को,

(१) खण्ड (ख) झिकिएको छ ।

(२) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन:-

"(ग) भिसा वर्षमा पहिलो पटक नेपाल प्रवेश गर्ने विदेशीहरुको लागि बहु प्रवेशी (Multiple Entry) सुविधा लिन चाहेमा खण्ड (क) मा उल्लिखित भिसा दस्तुरमा थप ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । यस्तो वहु प्रवेशी (Multiple Entry) सुविधा एक भिसा वर्षमा एक पटक लिइसकेको विदेशीले सो भिसा वर्ष भरी बढीमा १५० दिनसम्मको लागि पुनः भिसा प्राप्त गर्दा वा भिसा अवधि बढाउँदा पनि बहु प्रवेशी (Multiple Entry) सुविधा वापत थप दस्तूर तिर्नुपर्ने छैन ।

तर खण्ड (क) र (घ) मा उल्लेख भएको भिसा दस्तूर भने तिर्नु पर्नेछ ।

(घ) सोही भिसा वर्षमा पुनः नेपाल प्रवेश गर्ने विदेशीको लागि ३० दिनसम्मको एक प्रवेशी (Single Entry) भिसाको लागि ३० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । यसरी पुनः प्रवेश गर्ने विदेशीले यस अघि बहु प्रवेशी (Multiple Entry) सुविधा प्राप्त नगरेको अवस्थामा सो सुविधा लिन चाहेमा खण्ड (ग) बमोजिमको थप ५० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।"

(३) खण्ड (ङ) र (च) झिकिएका छन् ।

(४) क्रम संख्या ३ को, -

(क) खण्ड (क) मा रहेका "५० अमेरिकी डलर" भन्ने अङ्क र शब्दहरुको सट्टामा "३० अमेरिकी डलर" भन्ने अङ्क र शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) झिकिएको छ ।

(ग) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) वहुप्रवेशी (Multipe Entry) सुविधा समेत माग गरेमा खण्ड (क) मा उल्लिखित दस्तूरमा थप ५० अमेरिकी डलर वराबरको नेपाली मुद्रा । यस्तो वहुप्रवेशी (Multiple Entry) सुविधाको अवधि क्रम संख्या १ को खण्ड (ग) बमोजिम एक भिसा वर्षमा बढीमा १५० दिनसम्म हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख. अनुसूची - १२ को, -

(१) क्रम संख्या ३ को सट्टा देहायको क्रम संख्या ३ राखिएको छ :-

"३. हुम्ला जिल्लाको सिमिकोट, यारी, लिमी, मुचु, दार्मा गाउँ विकास समितिको टांगे खोला भएर तिव्वत जाने बाटो समेतको क्षेत्रमा: प्रति हप्ता प्रति व्यक्ति ९० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा । "

(२) क्रम संख्या ४ को शिर्षकमा रहेका "कञ्चनजंघा र" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) क्रम संख्या ४ पछि देहायका क्रमसंख्या ४ क., ४ ख., ४ग., ४घ., ४ङ., ४च. र ४छ. थपिएका छन् :-

"४क. ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला, लेलेप, पापुङ, याम्फूदिन गाउँ विकास समितिका क्षेत्र, संखुवासभा जिल्लाको किमाथान्का, चेपुवा, हटिया, पावाखोला गाउँ विकास समितिको क्षेत्र र सोलुखुम्वु जिल्लाको नाम्चे गाउँ विकास समितिको थामेदेखि नाङपाला जाने उत्तरपश्चिमको सवै क्षेत्रमा: पहिलो ४ हप्ता प्रति व्यक्ति प्रतिहप्ता १० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रतिहप्ता प्रति व्यक्ति २० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४ख. रसुवा जिल्लाको थमुन र टिमुरे क्षेत्रमा: प्रति हप्ता प्रति व्यक्ति १० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४ग. मनाङ जिल्लाको नार, फू र थोचे गाउँ विकास समितिको तिल्चे गाउँ उत्तर क्षेत्रमा: सेप्टेम्बर देखि नोभेम्बरसम्म प्रतिहप्ता प्रति व्यक्ति ९० अमेरकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र डिसेम्बर देखि अगस्तसम्म प्रति हप्ता प्रति व्यक्ति ७५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४घ. मुगु जिल्लाको मुगु, डोल्पु, पुलु र भाँग्री क्षेत्रमा: पहिलो ७ दिनको लागि प्रति व्यक्ति ९० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रति दिन प्रति व्यक्ति १५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४ङ. हुम्ला जिल्लाको लिमी, मुचु गाउँ विकास समिति र दार्मा गाउँ विकास समितिको टाँगेखोला भएर तिव्वत जाने बाटो समेतको क्षेत्रमा: पहिलो ७ दिनको लागि प्रति व्यक्ति ९० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यसपछि प्रति दिन प्रति व्यक्ति १५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४च बझाङ्ग जिल्लाको काँडा, सैपाल र धुली क्षेत्रमा: पहिलो ७ दिनको लागि प्रति व्यक्ति ९० अमेरिकी डलर वा सो बरावरको अन्य परिवर्त्य विदेशी मुद्रा र त्यस पछि प्रति दिन प्रति व्यक्ति १५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।

४छ. दार्चुला जिल्लाको व्यास गाउँ विकास समितिको क्षेत्रमा: प्रति हप्ता प्रति व्यक्ति ९० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा र सो पछि प्रति व्यक्ति प्रति दिन १५ अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८

## सूचना ३

श्री ५ को सरकारले सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको सशस्त्र प्रहरी विशेष अदालत गठन गरेको छ ।

१. श्री कृष्णराम श्रेष्ठ, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - अध्यक्ष

२. सह-सचिव, प्रशासन महाशाखा, गृह मन्त्रालय - सदस्य

३. प्रहरी नायब महानिरीक्षक, प्रशासन विभाग, सशस्त्र प्रहरी प्रधान कार्यालय - सदस्य

खण्ड ५१, संख्या १७ मिति २०५८ साल श्रावण २९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ र २ खारेज गरिएको छ ।

**आज्ञाले,**

**विजय राज भट्टराई**

**श्री ५ को सरकारको का.मु. सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## जनसंख्या तथा वातावरण मन्त्रालयको सूचना

श्री ५ को सरकारले संयुक्त राष्ट्र संघ पार्क विकास समिति (गठन) आदेश, २०५२ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) बमोजिम गठित समितिमा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री, जनसंख्या तथा वातावरण मन्त्रालय | – | अध्यक्ष |
| (ख) | सदस्य (वातावरण हेर्ने), राष्ट्रिय योजना आयोग | – | सदस्य |
| (ग) | सचिव, जलश्रोत मन्त्रालय | – | सदस्य |
| (घ) | सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय | – | सदस्य |
| (ङ) | सचिव, भूमि–सुधार तथा व्यवस्था मन्त्रालय | – | सदस्य |
| (च) | सचिव, परराष्ट्र मन्त्रालय | – | सदस्य |
| (छ) | सचिव, अर्थ मन्त्रालय | – | सदस्य |
| (ज) | सचिव, गृह मन्त्रालय | – | सदस्य |
| (झ) | सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय | – | सदस्य |
| (ञ) | उप–रथी, शाही नेपाली जंगी अड्डा | – | सदस्य |
| (ट) | प्रमुख, काठमाडौं महानगरपालिका | – | सदस्य |
| (ठ) | प्रमुख, ललितपुर उप–महानगरपालिका | – | सदस्य |
| (ड) | प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय | – | सदस्य |
| (ढ) | सदस्य–सचिव, उपत्यका नगर विकास समिति | – | सदस्य |
| (ण) | सह–सचिव (वातावरण हेर्ने), जनसंख्या तथा वातावरण मन्त्रालय | – | सदस्य–सचिव |

आज्ञाले,
डा. मुक्ति नारायण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०५६ को नियम ६२ अनुसार सार्वजनिक निर्माण एवं परामर्शको सेवा सम्वन्धी काममा एकरुपता कायम गर्न श्री ५ को सरकारको मिति २०५८।१२।२६ को निर्णयवाट स्वीकृत भएको सार्वजनिक निर्माण निर्देशिका (Public Works Directives) सम्वत् २०५९ साल श्रावण १ गते देखि लागु गर्ने गरी श्री ५ को सरकारले मिति २०५९ वैशाख ३० मा निर्णय गरेकोले सार्वजनिक निर्माण एवं परामर्श सेवा लिने सम्वन्धी कार्य गर्दा सो निर्देशिकाको पालना गर्न/गराउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दिनेशचन्द्र प्याकुर्‍याल)
श्री ५ को सरकारको सचिव

नेपाल अधिराज्यका

## महालेखा परीक्षकको विभागको सूचना

महालेखा परीक्षकले महालेखा परीक्षकको विभागका कर्मचारीहरु सम्बन्धी नियमावली, २०५० को नियम २८ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको नियम २८ को उपनियम (१) बमोजिम तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको निर्देशक (विशेषज्ञ) पदमा नियुक्ति हुनेलाई शुरु तलबको शतप्रतिशत थप भत्ता दिने गरी तोकेको छ ।

आज्ञाले,
दिवाकर प्रसाद भट्टराई
उपमहालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको
सूचना

खण्ड ५१, पूर्वातिरिक्ताङ्क ७२, मिति २०५८ साल फागुन २३ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम राष्ट्रिय महिला आयोगको सदस्यमा तोकिनु भएका प्रतिभा राणालाई श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५८।१२।१९ को निर्णयानुसार उक्त आयोगको उपाध्यक्षमा तोकिएको छ ।

आज्ञाले,
कृष्ण प्रसाद शर्मा भण्डारी
श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार